www.eraptipost.com

"राप्तीको गौरव"

# राप्ती पोष्ट

वर्ष १४, अंक १४९
मंसिर १७ सोमबार, २०८१
02, Dec, Monday, 2024
पृष्ठ ४ मूल्य रु. ५।-

Rapti Post National Daily

(राष्ट्रिय दैनिक)

सूचना सूचना सूचना

यो स्थान विज्ञापनका लागि खालि रहेकोछ ।



☎ सम्पर्क नं. ०८२५६३४५६

## पुर्ख्यौली पेशालाई व्यावसायिक बनाउने प्रयासमा कुमाल समुदाय

●छवि पुरी

घोराही, १६ मंसिर । गढवा गाउँपालिका वडा नम्बर ३ खैरास्थित प्रिन्सिका माटोको भाँडा केन्द्रका संचालक गोविन्द थारु कुमाल बाउबाजेले गर्दै आएको माटोको भाँडा बनाउने कामलाई व्यावसायिक बनाउन प्रयासरत हुनुहुन्छ । आफ्ना पुर्खाले गर्दै आएको पेशालाई जीवित राख्दै आयआर्जनको आधार बनाउने काममा तल्लीन रहनुभएका गोविन्दलाई यो पेशालाई दिगो रुपमा अघि बढाउन भने चुनौति छ । बजारमा आएका प्लाष्टिकका भाँडाले माटोको भाँडाको महत्वलाई बुझाउन सकस भएको उहाँको भनाई छ ।

गाउँमा घरेलु उद्योग नै स्थापना गरेर आफ्नो कामलाई व्यावसायिक बनाउन प्रयास गर्नुभएका गोविन्दले माटाका विभिन्न प्रकारका सामग्री बिक्रिका लागि घोराहीमा पसल खोल्नुभएको छ । तर, बजारमा प्लाष्टिकका सामग्रीले आफुले बनाएको स्थानीय उत्पादनले अपेक्षा गरे अनुसार बजार पाउन नसकेको बताउनुहुन्छ ।

'बजारमा प्लास्टिकका सामानले माटाको भाँडा बिस्थापनको जोखिम छ, स्थानीय सरकारले पहल गरिदिनु पर्छ' गोविन्दले भन्नुभयो हामीले बनाएका सामग्री मौलिक मात्रै छैनन् । यसको प्रयोगबाट हुने फाईदा पनि धेरै छन् । यो बुझाउन हामीले मात्रै सम्भव होला जस्तो छैन । स्थानीय सरकारले ठोस पहल गरिदिए हुन्थ्यो भन्ने लागेको छ ।'



हिजोका दिनमा हातले सबै काम गर्नु परेपनि अहिले मेसिन र उपकरणको सहायतामा काम गर्दा सामग्री बनाउन सजिलो हुने गरेको उहाँ बताउनुहुन्छ ।
खैराकै कमला कुमालले पनि पछिल्लो समय माटोबाट बनेका सामग्रीको बिक्रीमा कमी हुँदै आएको अनुभव सुनाउनुहुन्छ । प्रविधिको विकाससँगै धातु तथा प्लास्टिकका सामग्रीको प्रयोग बढेपछि माटोबाट बनेका सामग्रीको बिक्रीमा कमी आएको उहाँले बताउनुभयो ।

हिजोको तुलनामा माटोको सामग्रीले बजार पर्याप्त नपाए पनि यसको भविष्य भने राम्रो रहेको उहाँको बुझाई छ । पछिल्लो समय मट्का चियाका लागि गिलाससँगै कार्यक्रममा सजाउनका लागि गमला, मट्टेलगायतका भाँडा बिक्री हुने गरेका छन् । 'माटोका भाँडा बनाउने पेसालाई आधुनिकीकरण गर्दै यो पेशामा लागेका मानिसहरूलाई तालिम सम्मको व्यवस्था स्थानीय सरकारले गर्दैछ' कमलाले भन्नुभयो 'यो कुमाल समुदायका लागि राम्रो काम हो, जसले गर्दा भोलिका दिनमा नयाँ पुस्ताले समेत यो कामलाई निरन्तरता दिने आशा छ ।'

गढवा गाउँपालिका वडा नम्बर १ पत्रिङ्गामा कुमाल समुदायको बाक्लो बसोबास छ । त्यही गाउँमा राजकुमार थारु कुमाल बस्नुहुन्छ । उहाँ बाउबाजेको पालादेखि माटोको भाँडा बनाउने पेशालाई अहिले निरन्तरता दिँदै आउनुभएको छ । हिजोका दिनमा माटोको भाँडा बनाउन जति कठिन थियो अहिले यो काम उहाँलाई सहज बन्दै गएको छ । 'विगतमा जस्तो अहिले आफै माटो मुच्छने, माटोका सामग्री बनाउँदा चक्का हातले घुमाउनु पर्ने र बनाएका भाँडा पकाउन दाउरा खोज्नु पर्ने समस्या छैन काम गर्न धेरै सजिलो भएको छ', रामकुमारले भन्नुभयो ।

परम्परागत पेशालाई आधुनिकीकरण गर्ने उद्देश्यले प्रदेश तथा स्थानीय सरकारले माटो मुछ्ने मेसिन, सामग्री बनाउन चक्का घुमाउने इलेक्ट्रिक मोटरसँगै बनाएका माटोका भाँडा पकाउन आधुनिक भट्टी निर्माण गरिदिए पछि पछिल्लो समय माटोका भाँडा बनाउने काममा सहज भएको

➲ बाँकी अन्तिम पेजमा

## प्रधानमन्त्री ओली आज चीन जाँदै

●राप्तीपोष्ट समाचारदाता

घोराही, १६ मंसिर । प्रधानमन्त्री केपी शर्मा ओली जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणका लागि आज सोमबार बिहान बेइजिङ प्रस्थान गर्नुहुने भएको छ । चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा उहाँले यही मङ्सिर १७ देखि २० गतेसम्म चीनको औपचारिक भ्रमण गर्न लाग्नुभएको हो। प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार बिहान साढे ९ बजे विमानस्थलको विशिष्ट कक्षामा पत्रकार भेटघाट गरेर प्रधानमन्त्री ओली चीन प्रस्थान गर्नुहुनेछ ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी जिनपिङसँग बेइजिङमा भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । यसैगरी प्रधानमन्त्री ओलीले आफ्ना चिनियाँ समकक्षी लीसँग भेटवार्ता गरी द्विपक्षीय आपीसहितका विविध विषयमा विचार आदानप्रदान गर्नुहुनेछ। प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी



समितिका अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका रहेको छ ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा मुख्य सम्बोधन गर्नुहुने कार्यक्रम छ । त्यस्तै उहाँले बेइजिङस्थित नेपाली राजदूतावास, चाइना काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासङ्घको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रम छ । प्रधानमन्त्री ओलीका साथमा उहाँकी धर्मपत्नी राधिका शाक्य रहनुहुनेछ ।

त्यस्तै प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, संसद्‌हरू, विशिष्ट श्रेणीका सरकारी अधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूलगायत हुनुहुन्छ । प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डल मंसिर २० गते काठमाडौँ फर्कने तालिका रहेको छ ।

## २९८ जनालाई नेपाल-भारत नाकाबाट उद्धार

●राप्तीपोष्ट समाचारदाता

घोराही, १६ मंसिर । मानव बेचबिखनविरुद्ध क्रियाशील संस्था शान्ति पुनर्स्थापना गृह बाँकेले जोखिममा रहेका २ सय ९८ जनालाई नेपाल-भारत नाकाबाट उद्धार गरेको छ । सो संस्थाले नेपालगन्जस्थित मुख्य नाका जमुनाहसँगै जानकी, डुडुवा र नरैनापुर गाउँपालिकास्थित ग्रामीण क्षेत्रका नाकामा सूचना तथा परामर्श केन्द्रमार्फत मानव बेचबिखनविरुद्ध अभियान सञ्चालन गर्दै आएको शान्ति पुनर्स्थापना गृहका क्षेत्रीय संयोजक निर्मल सुवेदीले बताउनुभयो ।
उहाँले आर्थिक वर्ष २०८०-०८१ मा जिल्लाका विभिन्न नाकाबाट उद्धार गरिएका २ सय ९८ जनामध्ये पाँच जनालाई भारतबाट उद्धार गरिएको बताउनुभयो । उद्धार गरिएकामध्ये २ सय ५२ जनालाई अभिभावकको जिम्मा लगाइएको र ४२ जनालाई प्रहरीको रोहबरमा परिवारलाई हस्तान्तरण गरिएको शान्ति पुनर्स्थापना गृहका क्षेत्रीय संयोजक सुवेदीले बताउनुभयो । उहाँका अनुसार संस्थाले गत आवमा बेचबिखनको जोखिममा रहेका नौ हजार ८ सय ९६ महिला तथा बालबालिकालाई परामर्श दिएको छ। यो अवधिमा शान्ति पुनर्स्थापना गृहले मानव बेचबिखन अभियोगमा तीन वटा मुद्दा पनि प्रहरीमा दर्ता गरेको छ ।

बाँकेको मुख्य नाका जमुनाहमा मानव बेचबिखन विरुद्ध क्रियाशील धेरै संस्थाको परामर्श हुने भएकाले दलालले ग्रामीण क्षेत्रका नाकासमेत प्रयोग गर्ने गरेको बताउँदै क्षेत्रीय संयोजक सुवेदीले सबैभन्दा बढी जोखिममा १८ देखि २५ वर्ष उमेर समूहका रहेको तथ्यले देखाएको बताउनुभयो ।

## पालिका उपचुनावमा ६२ प्रतिशतभन्दा धेरै मत खस्यो

●राप्तीपोष्ट समाचारदाता

घोराही, १६ मंसिर । पालिकाका रिक्त विभिन्न ४१ वटा पदका लागि आईतबार भएको उपचुनाव शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । बिहान ७ बजेदेखि शुरू भएको मतदान बेलुकी ५ बजेसम्म सबै निर्वाचन स्थल र केन्द्रमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको निर्वाचन आयोगका सहायक प्रवक्ता दुर्गाप्रसाद चालिसेले जानकारी दिनुभयो ।

सहायक प्रवक्ता चालिसेका अनुसार मतदानमा ६२ प्रतिशतभन्दा धेरै मत खसेको छ । मतदानमा वृद्धवृद्धा, अशक्त, गर्भवती र सुत्केरीलगायतका मतदाताको उत्साहजनक सहभागिता रहेको थियो । उपचुनावका लागि दुई लाख २६ हजार सात सय ९९ जना मतदाता थिए ।



नगरपालिका मेयर एक, उपमेयर एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ गरी कुल ४१ पदका लागि आज मतदान भएको हो । यो उपचुनावमा विभिन्न २० राजनीतिक दल र स्वतन्त्र गरी तीन सय ७६ उम्मेदवार प्रतिस्पर्धामा छन् । आयोगका सहायक प्रवक्ता चालिसेले सर्वदलीय छलफलपछि आईतबार रातिदेखि मतगणना शुरू हुने बताउनुभयो । मत परिणाम मंगलबारसम्म आई सक्ने उहाँले बताउनुभयो ।

## ब्राउन सुगरसहित ५ जना पक्राउ

●राप्तीपोष्ट समाचारदाता

घोराही, १६ मंसिर । जिल्ला प्रहरी कार्यालय दाङले विभिन्न स्थानबाट १६ ग्राम २ सय ७० मिलि ग्राम लागू औषध ब्राउन सुगरसहित ५ जनालाई पक्राउ गरेको छ ।
घोराही १४ नयाँ बसपार्क बस्ने १८ वर्षका ज्वाला नेपाली र सोठी ठाउँका अर्का ३ ५ वर्षका कमल नेपालीलाई ४ सय ३० मिलि ग्राम, घोराही ११ बस्ने वर्ष ३८ का बाबुराम चौधरी र सोही ठाउँका २० वर्षका धिरेन्द्र प्रताप बिकको साथबाट १५ ग्राम ५ सय ८० मिलिग्राम, रोल्पा माडी गाउँपालिका घर भई घोराही १३ बनगाउँ बस्ने २२ वर्षका विशाल पुन मगरको साथबाट २ सय ६० मिलिग्राम ब्राउन सुगर बरामद गरिएको छ ।
पक्राउ परेकामाथि थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायव उपरीक्षक ईश्वर थापाले जानकारी दिनुभयो ।

## रोल्पामा ढिस्कोले पुरिएर ५ जनाको मृत्यु

●राप्तीपोष्ट समाचारदाता

रोल्पामा झोलुङ्गे पुल बनाउने क्रममा ढिस्कोले पुरिएर पाँच जनाको मृत्यु भएको छ । सुनछहरी गाउँपालिका-३ मौलाबाङ र बाहिरीगाम जोड्ने झोलुङ्गे पुल निर्माणका लागि खाल्डोमा काम गर्दै गर्दा माथिबाट आएको ढिस्कोले पुरिएर पाँच जनाको मृत्यु भएको हो । झोलुङ्गे पुल निर्माणमा खटिएका आठ मजदुर मध्य पाँच जनाको घटनास्थलमै मृत्यु भएको थियो । मृत्यु हुनेमा ४ जना एकै परिवारका रहेका छन् ।

ढिस्कोले पुरिएर सुनछहरी गाउँपालिका-३ बाहिरीगामका ४५ वर्षीय बुधमान परियार, ३१ वर्षीय ओम परियार, ६६ वर्षका वेदुराम परियार, ४० वर्षकी सुवित्रा परियार र २७ वर्षकी आइती परियारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ । एउटै गाउँका पाँच जनाको मृत्यु भएपछि बाहिरीगाम शोकमा छ । मृत्यु भएका पाँच जनाको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल रोल्पा लगिएको छ । जिल्ला प्रहरी कार्यालय रोल्पाका अनुसार मृत्यु हुनेमा तीन पुरुष र दुई महिला रहेका छन् । प्रहरीले घटनाको थप अनुसन्धान अगाडि बढाएको जनाएको छ ।
सुनछहरी गाउँपालिका अध्यक्ष धनबहादुर पुन मगरले पाँच जना मजदुरको शव लिएर पोस्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको बताउनुभयो ।

उहाँका अनुसार पुलको फाउन्डेसन बनाउने काममा आठ जना मजदुर कार्यरत रहेको बेला अर्कोतर्फ रहेको कङ्क्रिट गरिएको पर्खाल भत्किएको थियो। 'पर्खाल भत्किँदा पाँच जनाको पुरिएर मृत्यु भयो भने दुई जना सामान्य घाइते

➲ बाँकी अन्तिम पेजमा

## कर्मचारीलाई काममा फर्कन नगर प्रमुखको आग्रह

●राप्तीपोष्ट समाचारदाता

घोराही, १६ मंसिर ॥ तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख टीकाराम खड्काले पालिकामा आन्दोलनरत कर्मचारीलाई काममा फर्कन आग्रह गर्नुभएको छ । नगर प्रमुख खड्काले आईतबार एक अपिल जारी गर्दै आन्दोलनमा उत्रिएका कर्मचारीलाई आन्दोलन रोकेर काममा फर्कन आग्रह गर्नुभएको हो ।

तुलसीपुर उपमहानगरपलिको स्थानीय तहका कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि २०७८ बमोजिम तह वृद्धि भएका स्थानीय तहका कर्मचारी बिभिन्न माग राख्दै आन्दोलनमा उत्रिएपछी उपमहानगरमा काम प्रभावित भएको छ ।



उच्च अदालत तुलसीपुरको फैसला, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र लुम्बिनि प्रदेश लोकसेवा आयोगको निर्देशन बमोजिम कर्मचारीको तह वृद्धि सम्बन्धी निर्णय गरिएको उल्लेख गर्दै उहाँले सर्वोच्चमा बिचाराधीन मुद्दामा आगामी दिनमा सर्वोच्चकै आदेश स्थानीय सरकारले कार्यान्वयन गर्ने स्पष्ट पार्नुभएको छ ।

आन्दोलनका कारण जनका काम प्रभावित भएको र दैनिक

➲ बाँकी अन्तिम पेजमा

## लामिछानेको बयान सरकारी वकिलले आज पनि निरन्तरता दिने

●राप्तीपोष्ट समाचारदाता

घोराही, १६ मंसिर । सहकारी ठगीको आरोपमा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेको बयानलाई सरकारी वकिलले आज (सोमबार) पनि निरन्तरता दिने भएको छ । आईतबार बयान अन्तिम चरणतिर पुगेपनि नसकीपछि फेरि उपस्थित गराउने गरी उनलाई जिल्ला प्रहरी परिसर, काठमाडौं पठाइएको सरकारी वकिलको कार्यालयले जनाएको छ ।

कालिमाटीको स्वर्णलक्ष्मी सहकारीमा बचतकर्ताको रकम अनियमितता भएको प्रकरणमा

➲ बाँकी अन्तिम पेजमा

## विष्णु आर्टको अध्यक्षतामा कमर्सियल आर्टिष्ट संघ गठन

●राप्तीपोष्ट समाचारदाता

घोराही, १६ मंसिर । दाङमा रहेका कलाकारहरुको एक भेलाले नेपाल कमर्सियल आर्टिष्ट संघ तदर्थ समिति गठन गरेको छ । घोराही १७ चौघेरास्थित श्री सिद्धरत्ननाथ मठमा जिल्लामा रहको कलाकारहरुको एक भेलाले आईतबार विष्णु आर्टको अध्यक्षतामा तदर्थ समिति गठन गरेको हो ।

मठका पिर योगी ब्रह्मनाथको अध्यक्षता तथा नेपाल कमर्सियल आर्टिष्ट संघका केन्द्रिय उपाध्यक्ष कमलराज श्रेष्ठको प्रमुख आतिथ्यमा भएको भेलाले कलाकारहरुको पेशागत हकहितका लागि समिति गठन भएको छ । जसको सचिवमा मंगलप्रसाद चौधरी, कोषाध्यक्षमा सागर आर्ट, सदस्यहरुमा अरनिको आर्ट, गणेश आर्ट, गोविन्दबहादुर डाँगी, हिरा पुन, सुदीप अधिकारी, राजेन्द्र योगी रहनुभएको छ ।

सो अवसरमा सहभागीहरुले जिल्लाका हरेक क्षेत्रमा कला प्रस्तुत गरिरहेका कलाकारहरुलाई संस्थामा आवद्ध गराउँदै वृहत जिल्ला कमिटि निर्माण गरेर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । राजीव योगीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण एलएन शर्माले गर्नुभएको थियो ॥

दाङको सान रून्टी ब्राण्ड सामान !

हामीकहाँ गुणस्तरिय हापुर ट्वाइलेट क्लिनर, कालो फिनायल, सेतो, फिनायल, भाँडा माझ्ने सावुन, हात धुने सावुन, लुगा धुने सावुन, नुहाउने सावुन, डिटजेन्ट पाउडर, ग्लास क्लिनर, टायल तथा मार्वल क्लिनर र गाडी धुलाइका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री उत्पादन गरिन्छ ।

उत्पादक: प्रभु लघु उद्योग घोराही-१५ दाङ

फोन नं. ९८५७८३०५०४

राप्ती पोष्ट
-राष्ट्रिय दैनिक-

**राप्ती पोष्ट दैनिकका लागि**

**प्रकाशक/सम्पादक :** शरद अधिकारी (९८५७८३०२९९)
**कार्यकारी सम्पादक :** भुवन देवकोटा
**व्यवस्थापक:** जीवन अधिकारी
**प्रवन्धक :** विनु दहाल
**कानुनी सल्लाहकार** तुफानबाबु श्रेष्ठ

**कार्यालय**
शिक्षाशाखा रोड घोराही १५, दाङ **फोन नं. : ०८२-५६३४५६**
Email : raptipost2066@gmail.com,Sharadreetu@gmail.com

तुलसीपुर शाखा सम्पर्क : ९८२९५४०६०९
लमही शाखा सम्पर्क : श्रवण बस्नेत ९८४७८४०३२०,
सल्यान सम्पर्क: ९८४७८४४२५०,
रुकुम सम्पर्क: ९८४४९०३३६२,
प्यूठान सम्पर्क : ९८४७८७७३३३,
रोल्पा सम्पर्क : ९७४८५२६६२५,
भालुवाङ सम्पर्क: ९८४९१४३४६९,
पुरन्धारा सम्पर्क ९८४७८३०७२७
नेपालगञ्ज सम्पर्क : ९८४८२७५०७५,
**मुद्रक : गायत्री अफसेट प्रेस,** घोराही दाङ

## सम्पादकीय

# भोका पेटहरू

जति मेहनत र परिश्रम गरे पनि  कर्णालीका कतिपय जिल्लाका जनताले दुई छाक पेटभरि खान पाउँदैनन्। युगौं बित्यो अभाव र गरिवीले उनीहरुलाई चिथोर्न छाडेको छैन।  मान्छेले सुख लुकाउन सक्छ। दुख लुकाउन सक्दैन। यो संसारमा दुखियाहरु धेरै। सुखियाहरु थोरै। तर पनि सुखियाहरुसंग वैभव धेरै। सम्पन्नता धेरै र सुख सुविधा पनि कति हो कति धेरै। संख्यामा थोरै रहेकाहरुका धन्सारमा धेरै संख्यामा रहेका दुखियाहरुको श्रम पसिनाबाट प्राप्त वैभव थुप्रिएको। उनीहरुसंग जति धेरै वैभव थुप्रिए पनि दुखी उनीहरु। न दिनमा भोक। न त रातमा निद। शारीरिक परिश्रम नगरेका कारण भद्दा शरीर। जतिसुकै मिठो खाद्यवस्तु खाए पनि अपच हुने समस्याका कारण पेटमा सधैंको गडबड।       न हाँस्न सक्ने। न त प्रफुल्ल हुन सक्ने। सधैं मानसिक तनाव। सधैं शारीरक थकान। खाएको कहिले आङ नलाग्ने। कतै केही नपुगेको जस्तो। कतै केही अभाव जस्तो। जिन्दगीमा कसैलाई पनि सम्पन्नताले भरिपूर्ण नहुने। यो संसारमा वैभवशालीहरुले नै सबै भन्दा दुखारी जीवन बाँचिरहेका छन् भन्न सकिन्छ । उनीहरुसंग इष्टमित्र, नातासम्बन्ध भनेको  धन भन्दा अरु केही पनि हुँदैन।

यो दुनियामा पैसाको नाफा घाटाको हिसाव मात्रै गर्नेहरु पनि छन्। कमिसन , व्याज र स्याजको जोड गर्नेहरु पनि छन्। उनीहरुले जति धेरै पैसा कमाउँदै जान्छन् त्यति नै धेरै मात्रामा जेबाट पैसा कमाउन सकिन्छ त्यसैमा मात्र लगानी बढाउँदै जान्छन्। जस्तो कि हतियार उत्पादन। तर विश्वलाई हतियारमा हैन,खाद्यान्न बढाउन र अस्पताल निर्माणमा सबै भन्दा धेरै लगानी लगाउनुपर्ने खाँचो छ। तर पनि सम्पन्न देश र व्यक्तिले अस्पताल निर्माणमा भन्दा हातहतियार निर्माणका लागि लगानी लगाउने होडबाजी गर्दै आइरहेका छन्।  जुन मुलुकमा जति धेरै संख्यामा नागरिकहरु कंगाल हुँदै जान्छन् र मुलुक आर्थिकरुपले टाट पल्टिदै जान्छ त्यहाँ आपसी कलह बढ्दै जान्छ। त्यस्तो अवस्थामा सम्पन्नहरुले शान्तिको नाउँमा। प्रजातन्त्र र राहतको नाउँमा त्यो मुलुक भित्र आफ्नो हैकम र प्रभुत्व जमाउने सुनौलो अवसर आएको ठान्ने गर्छन्।

जहाँ पनि  निर्बलियालाई बलियाले हेप्ने,चेप्ने र दपसमा राख्ने गर्छन्। निर्बलियाका पक्षमा भन्दा बलियाका पक्षमा बोल्नेहरु वैभव र सम्पन्नशाली हुने गर्छन्। राम्रो पहिरन र अनुहार हेरेर कार्यालयहरुमा प्रवेश पाउने परिपाटी अझै हटेको छैन। निमुखाहरुको आवाज अहिले पनि सबै ठाउँमा मुखरित हुन पाइरहेको छैन। न्यायमा पहुँच सम्पन्नहरुकै। प्रहरी प्रशासनमा  आवतजावत उनीहरुकै। स्थानीयदेखि केन्द्र सरकारका उच्च नेतृन्वसंग खानपिन बसाउठीमा अग्रसरता पनि उनीहरुकै। दुनियामा भोका, नाङ्गा र गरिव दुखी अझ बढ्ता गरिव दुखी हुँदै गए पनि सम्पन्नहरुको हाँसो रोकिएको छैन। नाचगान र भोजभतेर रोकिएको छैन र निर्बलिया मान्छेलाई हेप्ने सिलसिला रोकिएको छैन। यस्तै हेपाइ र चेपाइमा परेर विश्वका धेरै देशको अस्तित्व समाप्त भएको छ।  यसैले त विश्वका निमुखाहरु आफ्नो अधिकारको  पक्षमा सशक्त आवाज उठाउनका लागि अझ बढी एकतावद्ध हुनुपर्ने समय आइसकेको छ।

# नेपालमा क्रिकेटको सम्भावना र एनपिएलको आयोजना



**✍शरद अधिकारी**

> **नेपालमा क्रिकेटको विकासका लागि एनपिएलले महत्वपूर्ण योगदान दिनेमा शंका छैन । यस बाहेक अव व्यावसायिक क्रिकेट लिगहरुको विकास गर्नुपर्छ । नेपाल भन्दा कम जनसंख्या भएका मुलुकमा पनि क्रिकेटका र म्रा खेलाडीहरू छन । यसको मतलव धेरै जनसंख्या हुंदा मात्रै राम्रा खेलाडी उत्पादन हुन्छन भन्ने होइन ।**

पछिल्लो समय नेपालमा मात्रै होइन विश्वभर क्रिकेट रोमाञ्चले भरिएको खेल हुँदै गएको छ। कुनै बेला मुर्खले खेल्ने र महामुर्खले हेर्ने भनेर आलोचित क्रिकेट यतिवेला अत्यन्त सम्भावना बोकेको खेलका रुपमा आएको छ। विश्वमा क्रिकेटको उदय कसरी भयो त्यो बारेमा चर्चा यहाँ सान्दर्भिक हुँदैन्। अहिले नेपालमा जसरी क्रिकेटको विकास भइरहेको छ यसले नेपालमा अनेकन सम्भावना बोकेर आएको कुरा दृढताका साथ भन्न सकिन्छ। नेपालमा क्रिकेट सवैभन्दा लोकपृय खेल बन्दै गएको छ। अहिले विभिन्न फर्म्याटमा क्रिकेट खेल भइरहेको छ। विभिन्न उमेर समूहमा खेल भइरहेको छ। यस्तै विभिन्न समूहमा क्रिकेट खेल भइरहेको छ। यसले पनि क्रिकेट कति लोकपृय बन्दै गएको छ भन्ने देखाउँछ। यद्दपी नेपालमा क्रिकेटको इतिहास, वर्तमान स्थिति र भविष्य निकै रोचक र चुनौतीपूर्ण रहेको जानकारहरु बताउँछन। नेपालमा क्रिकेटको इतिहास १९९० को दशकदेखि सुरु भएको मानिन्छ। त्यसअघि नेपालमा लोकपृय खेलका रुपमा फुटवल थियो। नेपालमा क्रिकेट खेल्ने राम्रो मैदान थिएन। नेपालमा फूटवल खेलको राम्रो विकास हुँदा समेत क्रिकेटका बारेमा धेरैलाई जानकारी हुँदैनथ्यो। नेपालले पहिलो पटक सन् १९९६ मा अन्तर्राष्ट्रिय एकदिवसीय (ओडिआई) स्तरमा भाग लिएको थियो। यसअघि नेपाल क्रिकेट संघ (एनसीए) को स्थापना भइसकेको थियो। नेपालका छिमेकी देशहरुमा क्रिकेटको राम्रो विकास भइसक्दा समेत यहाँ क्रिकेट खेलिदैनथ्यो। क्रिकेट खेल नहुने भएपनि नेपालमा क्रिकेट खेल जानेका मानिसहरु, रेडियोमा क्रिकेट सुन्नेहरुको संख्या बृद्धि भइसकेको थियो।

नेपालमा अहिले सस्तो र लोकप्रिय खेलका रुपमा क्रिकेट अघि बढेको छ। पछिल्लो समय आयोजना गरिएको एनपिएल अर्थात नेपाल प्रिमियर लिगका कारणले क्रिकेटले नयाँ उचाई छुने देखिएको छ। नेपालमा छिमेकी देशहरु भारतले दुई पटक क्रिकेटको विश्वकप जितिसकेको छ। भारतले एक दिवसीय र टी -२० क्रिकेटको उपाधी दुई पटक जितेको छ। यस्तै पाकिस्तान र श्रीलङ्काले क्रिकेट विश्वकप जितिसकेका छन्। भारतमा क्रिकेटको विकास गराउनमा बेलायतको हात रहेको छ। जतिवेला भारतमा बेलायतको शासन थियो त्यतिवेला क्रिकेट खेलको विकास भएको थियो। बेलायतीहरुले भारत छोडेर जाँदा धेरै कुरा छोडेर गएका थिए त्यो मध्य एउटा क्रिकेट पनि हो। हामी कसैसंग शासित हुन नपरेका कारणले गर्दा नै यहाँ क्रिकेटको विकास तिव्रगतिमा भएन भन्न सकिन्छ। बरु नेपालमा फूटवललाई राजा महाराजाहरुले शौखका लागि खेल्ने र खेलाउने गरेको पाइन्थ्यो। नेपालमा क्रिकेटको विकास हुँदै गर्दा हाम्रा छिमेकी देशले त्यति धेरै महत्व दिएका छैनन। नेपाल र भारतका बीचमा यति लामो समय हुँदा पहिलो पटक क्रिकेटमा भेट भनेको एसियाली खेलमा मात्रै भएको थियो। भारतमा क्रिकेटका महान खेलाडीहरु छन्। नेपालमा पछिल्लो दुई दशक भयो क्रिकेटको विकास अति गतिका साथ भएको। नेपालमा खेलाडीहरु भारतका खेलाडीलाई हेर्दै, उनिहरुको खेलबाट प्रभावित हुँदै अघि बढेका छन्।

नेपालमा क्रिकेट लोकपृय हुँदा नेपालको आर्थिक व्यवस्थामा समेत सकारात्मक प्रभाव पर्नेछ। नेपाली खेलाडीहरु भारतमा खेल्न जाने, भारतका खेलाडीहरु नेपालमा खेल्न आउने अवस्था बनाउन सक्ने हो भने क्रिकेटले पर्यटनको क्षेत्रमा समेत सकारात्मक प्रभाव पार्नेछ। नेपालका क्रिकेट खेलाडीहरु विश्वका क्रिकेट खेलाडीको प्रतिपर्स्धामा आउन थालेका छन्। नेपालका क्रिकेट खेलाडीहरु विश्वका विभिन्न लिगमा खेल्न थालेका छन्। एक दिवसीय मान्यता पाएको नेपालले टी २० मा राम्रो गरिरहेको छ। यहि मंसिर १५ गतेदेखि नेपालमा आयोजना गरिएको एनपिएलले नेपालको क्रिकेट खेललाई पक्कै पनि जुरुक्कै उचाल्नेछ। नेपालमा क्रिकेट खेल्नका लागि विश्वका विभिन्न देशका खेलाडीहरु आएका छन्। नेपालमा क्रिकेट खेल्न आउने खेलाडीहरुले नेपालका बारेमा जे अनुभव हासिल गर्नेछन, नेपाली खेलाडीहरुले विश्वमा नाम कमाएका खेलाडीहरुसंग खेलेर पक्ककै पनि बेग्लै अनुभव हासिल गर्नेछन्। अहिले आयोजना गरिएको प्रतियोगिता काठमाडौंमा मात्रै सिमित रहेको छ। अव यो प्रतियोगिता हरेक बर्ष आयोजना गरिनेछ। आगामी दिनमा प्रतियोगितालाई नेपालमा अन्य शहरमा पनि लग्नुपर्नेछ। नेपालमा अनेत्र पनि क्रिकेटका राम्रा मैदान बनेका छन्। क्रिकेटका मैदानहरु आवश्यक पर्दछ भने अरु पनि बनाउनुपर्छ। हामीकहाँ अहिले लाइट सहितको मैदान छैन। नेपालका खेलाडीहरु डे नाइट म्याच खेल्ने क्षमता खासै राख्दैनन्। क्रिकेट खेल रातीमा वा दिउँसोमा खेल्न सकिन्छ। हुनत कतिपय देशमा दिउँसो तापमान बढी हुँदा रातको समयमा खेल्ने बनाइएको हुन सक्छ। नेपालको हावापानीका कारणले गर्दा दिउँसोमा पनि राम्रोसंग खेल हुन सक्छ।

नेपालमा क्रिकेटको विकास विस्तारै भइरहेको छ। अव नेपालको क्रिकेटको मुख्य लक्ष्य विश्वकप खेल्नु हुनुपर्नेछ। नेपालले एक दिवसिय विश्वकप खेल्ने हो भने नेपालमा क्रिकेटको विकास अर्को उचाईमा पुग्नेछ। त्यसपछि नेपाली क्रिकेटलाई टेष्ट मान्यता तर्फ अघि बढाउनुपर्छ। जहाँ पाँच दिनसम्म खेल हुन्छ। हरेक दिन ९० ओभरको खेल हुन्छ। यहाँ खेलाडीहरु टिकेर खेल्नुपर्ने हुन्छ। अहिले क्रिकेटका अनेकन फर्म्याट आएको भएपनि टेष्ट क्रिकेटको आफ्नै पहिचान र महत्व रहेको छ। नेपालमा क्रिकेटको समृद्धिका लागि अझै धेरै काम गर्नुपर्नेछ। क्रिकेटलाई अझ बलियो बनाउन विश्वस्तरीय प्रशिक्षक र आधुनिक उपकरणहरूको प्रयोग गर्नुपर्नेछ। खेलकुदको पूर्वाधार सुधार गर्नका लागि विभिन्न खेल मैदानहरू र प्रशिक्षण क्याम्पहरूको स्थापना गर्नुपर्नेछ। पछिल्लो समय नेपाल क्रिकेट संघले नेपालमा क्रिकेटको विकासका लागि जे जस्ता प्रतियोगिता आयोजना गरिरहेको छ यसले क्रिकेटको भविश्य उज्ज्वल छ भन्ने देखिन्छ। नेपालमा क्रिकेटको प्रति रुचि अझ बढेको छ र अब यो खेल कूल जनसंख्याको ठूलो हिस्सामा लोकप्रिय बनिसकेको छ। स्कूल क्रिकेट र कलेज क्रिकेटले नयाँ खेलाडीहरूको खोजी र विकासमा मद्दत गरेको छ। नेपाली क्रिकेटलाई थप प्रोत्साहन दिन अन्तर्राष्ट्रिय इभेन्टहरुमा सहभागिता बढाउनुपर्नेछ। नेपालमा खेल खेलेर केही हुँदैन भन्ने भाष्य विस्तारै कमजोर हुँदै गएको छ। क्रिकेटका विभिन्न प्रतियोगितामा सफलता हासिल गरेका खेलाडीहरुलाई सरकार र नीजि क्षेत्रले गरिरहेको प्रोत्साहन यसैको उपज हो। क्रिकेटमा लागेर बाँच्न मात्रै होइन कमाउन सकिन्छ भन्ने प्रमाणित हुँदै गएको छ। पछिल्लो समयमा नेपालमा महिला क्रिकेटरले हासिल गरेको उपलव्धिले समेत क्रिकेटमा आकर्षण बढाएको छ।

नेपालको प्रमुख लक्ष्य भनेको आईसीसी टेस्ट क्रिकेट स्टेटस प्राप्त गर्नु हो। आईसीसी टेस्ट क्रिकेटको हिस्सा बन्ने नेपालको सपना धेरै समयदेखि छ। यदि नेपाल टेस्ट खेलको सदस्य बन्न सफल हुन्छ भने, यसले नेपालको क्रिकेटलाई नयाँ उचाइमा पुर्याउनेछ। यसका लागि, नेपाल क्रिकेट संघले आफ्नो टिमको स्तरलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार उकास्नका लागि कडा मेहनत गर्नुपर्दछ। यसका लागि नेपालमा पूर्वाधारमा लगानी बढाउनुपर्छ। क्रिकेट खेलाडीहरुको लागि अभ्यास गर्ने कुरा, उनिहरुको खानपानको कुरा, उनिहरुको बृत्ति विकासको कुरामा ध्यान दिनुपर्छ। क्रिकेट खेलाडीका लागि मात्रै बनिरहेको छैन। यो त देशका लागि आवश्यक भइसकेको छ। भारतको अर्थतन्त्रमा क्रिकेटको ठूलो प्रभाव रहेको छ। कतिसम्म भने विश्वभर क्रिकेटको विकासका लागि स्थापना गरिएको आइसिसीको तुलनामा भारतको विसिसीआईको बजेट निकै ठूलो रहेको छ। भारतको क्रिकेट संघसंग अत्यन्त ठूलो बजेट रहेको छ। यस्तै अष्ट्रेलिया, पाकिस्तान, बंगलादेश जस्ता देशहरुमा क्रिकेटका कारणले गर्दा अर्थतन्त्रमा ठूलो योगदान भइरहेको छ। नेपालमा क्रिकेटको ओज जसरी बढीरहेको छ यसले क्रिकेटका कारणले नेपालको अर्थतन्त्रमा पनि सकारात्मक नतिजा दिने अपेक्षा गर्न सकिन्छ।

नेपालमा क्रिकेटको विकासका लागि एनपिएलले महत्वपूर्ण योगदान दिनेमा शंका छैन। यस बाहेक अव व्यावसायिक क्रिकेट लिगहरूको विकास गर्नुपर्छ। नेपाल भन्दा कम जनसंख्या भएका मुलुकमा पनि क्रिकेटका राम्रा खेलाडीहरु छन। यसको मतलव धेरै जनसंख्या हुँदा मात्रै राम्रा खेलाडी उत्पादन हुन्छन भन्ने होइन। यसका साथै नेपालले अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा आफ्नो उपस्थिति बढाउनुपर्नेछ। टी २०, एक दिवसिय र टेष्ट खेलका लागि नेपालले आफूलाई पूर्ण रुपमा तयार पानुपर्छ। क्रिकेटमा आकर्षण बढाउनका लागि क्रिकेटसंग सम्वन्धित एकेडेमी स्थापना गर्ने, क्रिकेटको पढाइ संचालन गर्ने, क्रिकेटका खेलाडीलाई नियमित रुपमा तलवको व्यवस्था गर्ने गर्नुपर्छ। देशभर अन्य खेलाडीका जति प्रशिक्षक रहेका छन् त्यसको तुलनामा नगन्य मात्रामा क्रिकेटका प्रशिक्षकहरु रहेका छन्। यो कुरालाई मध्यनजर गर्दै क्रिकेटको विकासका लागि योजना बनाउनु जरुरी देखिन्छ। नेपालमा अन्य खेलको तुलनामा क्रिकेटले जसरी आफूलाई स्थापित गर्दै लगेको छ, क्रिकेट खेलको विकासका लागि राज्यले बिषेश ध्यान दिनु जरुरी छ।

# प्रधानमन्त्रीको चीन भ्रमणबाट अपेक्षा

**✍गणेशप्रसाद तिमिल्सिना**

नेपाल निकट छिमेकी भएर पनि बीआरआईबारेको छलफल तथा बहस व्यापक नहुँदा र यसलाई कुनै प्रोजेक्टका रूपमा मात्रै बुझ्दा अपेक्षित फाइदा र उपलब्धि हासिल गर्न सकिएको छैन।
बीआरआई र यसअन्तर्गतका परियोजनालाई गति दिनका लागि यो भ्रमणमा कार्यान्वयन सम्झौता हुनु नेपालको हितमा छ। प्रधानमन्त्रीको यस भ्रमणमा पनि बीआरआई कार्यान्वयनमा अगाडि बढेन भने यसको भविष्य अनिश्चित हुनेछ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबारदेखि छिमेकी मित्रराष्ट्र चीनको औपचारिक भ्रमण गर्दै हुनुहुन्छ। त्यसको तयारी अन्तिम चरणमा पुगेको छ। यतिबेला प्रधानमन्त्रीको भ्रमण र त्यसका एजेन्डाबारेको चर्चा व्यापक हुँदै छ।

लामो समयसम्म गति लिन नसकेका बीआरआई (बेल्ट एन्ड रोड इनिसिएटिभ), पारवहन सम्झौता र विभिन्न उच्चस्तरीय भ्रमणको समयमा सम्झौता भएर कार्यान्वयन हुन नसकेका दुईपक्षीय हितका विषयले उहाँको भ्रमणपछि गति लिने अपेक्षा गरिएको छ। तर, चीनले अगाडि सारेको बहुआयामिक बीआरआई परियोजनालाई ऋण कि अनुदान भनेर बहस गरिएको छ। त्यसैगरी अन्य विषयहरू पनि राष्ट्रिय हितमा हुनेगरी कसरी टुंग्याउने भन्नेमा मूल बहस नभई सहायक र प्राविधिक विषयमा केन्द्रित हुँदा अपेक्षित उपलब्धि हासिल हुँदैन कि भन्ने आशंका पनि छ।

चिनियाँ समकक्षीको निमन्त्रणामा प्रधानमन्त्री ओलीको चीन भ्रमण हुने निश्चित भएपछि भ्रमणको विषयलाई लिएर विवाद सुरु गरियो। एउटा सार्वभौम मुलुकका प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण कुन देशबाट हुनुपर्छ भन्दै चीन भ्रमणलाई विवादको विषय बनाउने प्रयत्नसमेत भयो।

तीन-तीन पटक मुलुकका प्रधानमन्त्री भइसकेका व्यक्तिले भारतीय मिडियालाई अन्तर्वार्ता दिँदै 'भारतसँगको विशेष सम्बन्धलाई नबुझेर प्रधानमन्त्रीले पहिला चीन भ्रमण गरेर 'चाइना कार्ड' प्रयोग गर्न खोज्नुभएको छ' भन्नु सार्वभौम मुलुकका लागि लज्जाको विषय हो। यसरी भ्रमणको तयारी सुरु हुँदै गर्दा पूर्वप्रधानमन्त्री जस्तो जिम्मेवार व्यक्तिबाट यस्तो अभिव्यक्ति आउँदा आमजनतामा पनि भ्रम सिर्जना हुन्छ।

त्यसैगरी निकट छिमेकी मुलुकले विदेश सम्बन्ध जस्तो संवेदनशील विषयमा पनि हामी विभाजित छौं भन्ने बुझ्दछन्। एउटा सार्वभौम मुलुकका प्रधानमन्त्रीले पहिलो विदेश भ्रमण कुन देशबाट गर्ने देशको आवश्यकता र स्वयम् सरकारको निर्णयमा भर पर्ने कुरा हो। कुनै अमूक मुलुकमा पहिला भ्रमण गर्नुपर्छ भनेर पूर्वप्रधानमन्त्रीबाट अभिव्यक्त हुनु सर्वथा गलत छ।

कुनै पनि मित्रराष्ट्रमा हुने प्रधानमन्त्रीको भ्रमण केबल औपचारिकताका लागि होइन। यसअघि पनि वर्तमान प्रधानमन्त्रीकै नेतृत्वमा नेपाल र चीनबीच ऐतिहासिक सम्झौताहरू भएका छन्। तर अन्य उच्चस्तरीय भ्रमणका बखतमा भएका सम्झौताहरू पनि कार्यान्वयनमा ढिलाइ भइरहेको छ। कुनै सम्झौता त कार्यान्वयनमा गएका पनि छैनन्।

नेपाल र चीनबीच पटक-पटक भएका सम्झौतामा बीआरआई अवधारणाअन्तर्गत नै धेरै क्षेत्र र विषय समेटिएका छन्। त्यसभित्रका विषयहरू एक-एक गरी छलफल गर्ने र देशका लागि आवश्यक र हितका विषयलाई अगाडि बढाउन प्रधानमन्त्री ओलीको यस भ्रमणले भूमिका खेल्नुपर्दछ।

बीआरआईका अलवा ऐतिहासिक पारवहन सम्झौता, जलविद्युत्, कनेक्टिभिटी, यातायात, शिक्षा, पर्यटन, संस्कृति, कृषि, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा विगतमा भएका सम्झौता कार्यान्वयनमा जोड दिँदै नयाँ विषयमा पनि उपलब्धि हासिल हुनुपर्दछ।

त्यसैगरी बीआरआई कार्यान्वयनमा लैजाने क्रममा यसअघि नै प्रस्ताव गरिएका पूर्वाधार, सहरी विकास र कनेक्टिभिटीसँग सम्बन्धित परियोजनाहरू अगाडि नै बढाउने गरी यो भ्रमणले उपलब्धि हासिल गर्ने विश्वास छ। अहिले नेपालको तर्फबाट प्रस्तावित जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग, टोखा-छहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडक, किमाथांका-सडक र पुल, जिलोङ-केरुङ-रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, काठमाडौं उपत्यका प्रसारण लाइन स्तरोन्नति, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं-हेटौंडा पोडवे, अमरगढी सिटी हल, चीन-नेपाल औद्योगिक मित्रपार्कलगायतका योजना अगाडि बढाउने गरी यो भ्रमणले सफलता प्राप्त गर्नुपर्दछ। संसद्का ठूला दुई दल मिलेर बनेको सरकारका प्रधानमन्त्रीको भ्रमणमा हुन नसकेको उपलब्धि आगामी दिनमा हुन सक्दैनन्।

यद्यपि भ्रमणको अन्तिम समयमा आएर हतार-हतार जस्तो भइरहेको तयारी र उठेका बहसले अपेक्षित परिणाम दिन नसक्ने हो कि भन्ने आशंका पनि छ। यसको मूल कारण भनेको दुई देशका सरोकार र आवश्यकताका विषयमा यथेष्ट समय लिएर तयारी नहुनु हो। मुलुकका कार्यकारी प्रमुखको भ्रमण उपलब्धिमूलक देखिनका लागि पर्याप्त समय लिएर आवश्यक छलफल गरी सम्झौता र सहमतिका विषयहरू टुंगिइसकेको हुनुपर्दथ्यो।

यस भ्रमणको मुख्य विषय बीआरआई नै हो। त्यसैले पनि यो कसरी अगाडि बढ्छ भनेर चासोका साथ हेरिएको छ। बीआरआईबारे देशभित्र मात्रै होइन, बाह्य शक्तिले पनि चासोका साथ हेरिरहेका छन्। त्यसकारण यस विषयमा देशभित्र पनि केही विभाजित विचारहरू आइरहेका छन्। सम्झौता भएको लामो समय बितिसक्दा पनि सत्ता साझेदार दलहरू एकमत नहुँदा र सोही बीचमा विभिन्न भूराजनीतिक चलखेल र दबाबका कारण अन्तिम अवस्थामा पुगेको बीआरआई कार्यान्वयन सम्झौता हुन नसकेको आम बुझाइ छ। यो भ्रमणमा पनि कार्यान्वयन हुने गरी उक्त सम्झौता हुन्छ कि हुँदैन, बीआरआईअन्तर्गत कुनै परियोजना अगाडि बढ्छन् कि बढ्दैनन् भन्ने चासो सर्वत्र छ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको हाम्रो छिमेकी मित्रराष्ट्र चीनले अगाडि सारेको बीआरआई अवधारणामा विश्वका करिब १५० राष्ट्रहरूले सम्झौता गरेका छन्। त्यसअन्तर्गत दक्षिण अमेरिका, अफ्रिका, युरोप, एसियाका थुप्रै देशमा 'गेम चेन्जिङ प्रोजेक्ट' हरू अगाडि बढेका छन्। केही

➲बाँकी तेस्रो पेजमा

## चलचित्र समाचार

# दीलिपलाई छोरीसँग फिल्म खेल्ने इच्छा

●**राप्तीपोष्ट समाचारदाता**

नेपाली फिल्ममा अभिनेता दीलिप रायमाझीले गर्विलो पहिचान बनाएका छन् । कुनै बेला करिअरको उत्कर्षमा रहेका उनले २ सय बढी फिल्ममा काम गरिसकेका छन् । अमेरिकामा बस्दा समेत उनले अभिनयलाई निरन्तरता दिए । पछिल्लो समय भने उनको बसाइँ नेपालमै बढी छ । यसैले अचेल उनी छायांकनमा व्यस्त देखिन्छन् । यसै साता उनले नयाँ फिल्म 'रंगी'को छायांकन सकाए ।



कलाकारितामा स्थापित अघिल्लो पुस्ताका धेरै कलाकारले आफ्ना सन्तानलाई फिल्ममा ल्याइसकेको अवस्थामा दीलिपकी छोरी दिव्या समेत अभिनेत्री बनिसकेकी छन् । 'एक्टर'बाट डेब्यु गरेकी उनले हालै दोस्रो फिल्म 'पिताम्बर'को समेत छायांकन भ्याइसकेकी छन् । डेब्यु फिल्म प्रदर्शनमा नआउँदै उनको माग राम्रो देखिएको छ ।

अब धेरैले बाबुछोरी अर्थात् दीलिप र दिव्यालाई एउटै फिल्ममा हेर्न चाहेका छन् । शुक्रबार बनेपामा 'रंगी'को गीत छायांकनको क्रममा दीलिपले छोरीसँग फिल्ममा काम गर्ने इच्छा रहेको बताए । उनले सञ्चारकर्मीहरुसँग भने, 'हामी चाँडै एउटै फिल्ममा खेल्न पाइयोस् । यो मेरो लागि निकै गर्वको कुरा पनि हुनेछ । छोरीसँग फिल्ममा काम गर्न पाएँ भने म एकदमै खुसी हुने थिएँ ।'

रोचक कुरा के छ भने 'रंगी'को गीतमा दीलिपलाई नचाएका कोरियोग्राफर कविराज गहतराजले केही दिनअघि 'पिताम्बर'को गीतमा दिव्यालाई समेत नचाएका थिए । 'रंगी'को छायांकनमा उनले बाबु र छोरीलाई नचाउँदाको अनुभव सुनाए । उनलाई नचाउन सहज भने दीलिपलाई नै भएको रहेछ । यद्यपि, दिव्याले पनि राम्रो नृत्य गरेको उनको भनाई छ ।

'भर्खरै दीलिप दाईको छोरीलाई नचाएको आएको हुँ । अहिले उहाँलाई नचाउन पाएँ,' पत्रकारले 'को राम्रो डान्सर ?' भनेर सोधेको प्रश्नमा उनले भने, 'दीलिप दाईको त भन्नै परेन । उहाँ राम्रो डान्सर भनेर सबैलाई थाहा छ । उहाँको छोरीले पनि एकदमै राम्रो नाच्नुभएको छ । उहाँको नृत्य देखेर सबैजना छक्क पर्नुहुन्छ । सजिलो चाहिँ दीलिप दाईसँग नै भयो । बाप-बाप होता है (हाँस्दै) ।' **(फिल्मीखबरबाट)**

## प्रधानमन्त्रीको .......

अपवादबाहेक राष्ट्रिय आवश्यकता, हित र आफ्नो क्षमताअनुसार सहकार्य गरेका मुलुकहरू सफल भएका छन् । बीआरआईबाट अफ्रिका, दक्षिण अमेरिकाका देशहरू, एसियाकै पनि इन्डोनेसिया, लाओस, मध्यएसिया लगायतका देशले देखिने गरी उपलब्धि हासिल गरेका छन् । नेपाल निकट छिमेकी भएर पनि बीआरआईबारेको छलफल तथा बहस व्यापक नहुँदा र यसलाई कुनै प्रोजेक्टका रूपमा मात्रै बुझ्दा अपेक्षित फाइदा र उपलब्धि हासिल गर्न सकिएको छैन । यसलाई गति प्रदान गर्नका लागि तत्काल कार्यान्वयन सम्झौता गरी परियोजना अगाडि बढाउन जरुरी छ ।

चीनले सरकार-सरकारबीचको सम्बन्ध, सहकार्य, सहयोग, अनुदान, ऋण, व्यापार, सांस्कृतिक सहकार्य, छात्रवृत्ति, जनस्तरका गतिविधिलाई बीआरआईकै बहुआयामिक र बृहत् अवधारणाभित्र राखेको छ । जसबाट नेपाल जस्तो विकासका लागि बाह्य सहयोग र सहकार्य खोजिरहेको मुलुकले फाइदा लिन सक्ने क्षेत्र धेरै छन् । नेपालले सन् २०१७ मा बीआरआई सम्झौतामा हस्ताक्षर गरे पनि देखिने गरी ठूला परियोजना अगाडि बढेका छैनन् । यद्यपि नेपाल र चीनबीच भइरहेका सहकार्य, सहयोग, अवलोकन भ्रमण, छात्रवृत्ति, सरकारस्तरीय कार्यक्रमहरूमा कुनै न कुनै रूपमा यो अवधारणा जोडिएर आएको छ ।

अघिल्लो कार्यकालमा हालका प्रधानमन्त्री नेतृत्वकै सरकार हुँदा अगाडि सारिएका परियोजना, पारवहनलगायतका महत्त्वपूर्ण सम्झौता, नेपालका तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको चीन भ्रमण तथा चीनका राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका बेला भएका सम्झौता कार्यान्वयन गर्ने दायित्व पनि यही सरकारको हो ।

बीआरआई कार्यान्वयन सम्झौताको मस्यौदामा सार्वजनिक छलफलका थुप्रै विषय छन् । ती विषयमध्ये कुन-कुन राष्ट्रिय हितका लागि अगाडि बढाउने र कुन-कुन नबढाउने भनेर व्यापक छलफल भएको छैन । बीआरआईमा एउटा परियोजना विशेष वा ऋण र अनुदानको विषय मात्रै छैनन् । तर, यहाँ बीआरआई अनुदान भए अगाडि बढाउने, ऋण भए नबढाउने भनेर मात्रै छलफल भइरहेको छ । यो छलफलले बीआरआई जस्तो बहुआयामिक अवधारणालाई एउटा परियोजना मात्रै जस्तो गरी बुझिएको हो कि भन्ने लागेको छ ।

सरकारको प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसले बीआरआईअन्तर्गत अनुदान भए लिने, नत्र नलिने भनेर धारणा सार्वजनिक गरिरहेको छ । र, भ्रमण मिति नजिकिँदै गर्दा प्रधानमन्त्री र सरकारका मन्त्रीहरूले पनि कुनै ऋण सम्झौता नगर्ने र नलिने भनेर अभिव्यक्ति दिएको पाइन्छ । यसरी बुझ्दा यो सरकार बीआरआई र यस अन्तर्गतका परियोजनाहरू अनुदान भए अगाडि बढाउने तर ऋणमा अगाडि नबढाउने मनसायमा देखिन्छ । यदि अनुदान भए मात्रै लिने भन्ने हो भने नेपालले प्रस्ताव गरेका खर्बौं लगानीका योजनाहरू कार्यान्वयन सम्भव होला ?

यदि नेपाललाई कसैबाट पनि ऋण लिनुपर्ने आवश्यकता छैन र अनुदान लिएर मात्रै अगाडि बढ्न सक्छौं भन्ने हो कुरा जायज नै होला । तर हाम्रो जस्तो आर्थिक र भूराजनीतिक अवस्था भएको मुलुकले आफ्नो एक छिमेकी देशबाट कुनै प्रकारको ऋण नलिने तर अन्य देश र दातृ निकायको ऋण लिने हो भने यसलाई कसरी राष्ट्र हितको पक्षमा मान्न सकिन्छ ? सरकारले यसबारे पनि सोच्नुपर्छ ।

अहिलेको अवस्थामा देशको विकास निर्माणका लागि सकभर अनुदान लिने नभए ऋण पनि लिन आवश्यक छ । ती ऋणभित्रका सर्तहरू हाम्रो राष्ट्रिय हितको पक्षमा छन् वा छैनन् भन्नेचाहिँ ख्याल गर्नुपर्दछ । त्यो रकम खर्चका मापदण्ड, सर्त र तरिका कस्ता छन् भनेर गहिरोसँग केलाउनुपर्छ । अनुदान भन्ने तर परामर्श र सेवाका नाममा अर्बौं रकम उतै फर्केर जाने सर्तमा समेत हामीले काम गरिरहेको पाइन्छ । यसमा पनि समीक्षा हुन जरुरी छ ।

कतिपय अनुदानहरू राष्ट्रको स्वाभिमानमा आँच आउने गरी अनुचित सर्तहरूमा आधारित भएको पाइन्छ । त्यसतर्फ चनाखो हुनुपर्छ ।

हाम्रा योजना राष्ट्रिय महत्त्व र त्यसले दिने प्रतिफलका आधारमा हुनुपर्दछ । ऋण तुलनात्मक रूपमा कम ब्याज र लामो समय चुक्ता अवधिको लिनुपर्छ । हाम्रो बहस त्यसतर्फ केन्द्रित हुनुपर्छ । वार्ताको टेबलमा बस्दा यी समग्र विषयलाई ध्यान दिँदै टुंग्याइनुपर्छ । त्यसका लागि वर्तमान सरकारले क्षमता राख्दछ ।

विभिन्न उच्चस्तरीय भ्रमणका क्रममा चीनसँग भएका बीआरआईलगायत सम्झौताहरू यो भ्रमणपछि कार्यान्वयन गर्न सक्नुपर्दछ । भ्रमणका बेला सम्झौताहरू हुँदै जाने तर कार्यान्वयन भने नहुने वा ढिलाइ हुने गर्दा दुई मुलुकबीच नै विश्वासको संकट उत्पन्न हुन्छ । नेपाल र चीनबीच कार्यान्वयनमा गएका परियोजनाहरू पनि सम्पन्न हुन ढिलाइ भइरहेको छ । जसले गर्दा जनस्तरमा पनि नकारात्मक प्रभाव परिरहेको छ । यसतर्फ पनि ध्यान दिँदै अगाडि आएका समस्याको तुरुन्त समाधान गर्नुपर्दछ ।

त्यसैगरी बीआरआई र यसअन्तर्गतका परियोजनालाई गति दिनका लागि यो भ्रमणमा कार्यान्वयन सम्झौता हुनु नेपालको हितमा छ । प्रधानमन्त्रीको यस भ्रमणमा पनि बीआरआई कार्यान्वयनमा अगाडि बढेन भने यसको भविष्य अनिश्चित हुनेछ ।

नेपालले आफ्ना दुवै छिमेकी मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई गम्भीर रूपमा लिनुपर्दछ । हाम्रा लागि चीन वा भारत कुनै मुलुक अगाडि वा पछाडि छैनन् । दुवै देशसँग समान सम्बन्धमा रहनु राष्ट्रिय हितमा हुन्छ । त्यसैगरी, भ्रमणका एजेन्डा पनि राष्ट्रिय हितलाई केन्द्रमा राखेर समयमा टुंग्याइनुपर्दछ ।

समयमा तयारी नहुँदा भ्रमणले अपेक्षाकृत उपलब्धि हासिल गर्न सक्दैन भने कूटनीतिक र राजनीतिक क्षमता पनि कमजोर देखिन्छ । प्रधानमन्त्रीको यो भ्रमण पनि कुनै दबाबमा नपरी देशको समग्र हितमा केन्द्रित हुने अपेक्षा गर्दछु । ***(कान्तिपुरबाट)***




## स्वास्थ्य खबर

# 'धर्मको नाममा पशु बलि निन्दनीय, अदालतको समेत अवहेलना भयो'

●**राप्तीपोष्ट समाचारदाता**

हरेक पाँच वर्षमा बाराको गढीमाईमा मेला लाग्छ । त्यहाँ विभिन्न भाकलको नाममा पशु बलि दिने गरिन्छ । गढीमाई मेलामा हुने पशु बलिलाई लिएर विरोध हुने गरेको छ । पशु बलिलाई निरुत्साहित गर्न सर्वोच्च अदालतले परमादेश समेत जारी गरेको छ ।



तर पनि त्यहाँ पशु बलि रोकिएको छैन । सर्वोच्च अदालतको परमादेशमा के-के कुरा छन् ? अदालतको परमादेश नमान्दा के हुन्छ ? भन्ने विषयमा केन्द्रित रहेर अधिवक्ता पदमबहादुर श्रेष्ठसँग अनलाइनखबरकर्मी सुमित्रा लुईटेलले गरेको कुराकानीको सम्पादित अंश :

**नेपालमा पशु बलि सम्बन्धी कुनै कानुन छ ?**

अहिले हामीसँग पशु कल्याण ऐन छैन । त्यस कारण धर्मसँग सम्बन्धित वधहरु भइरहेको छ । धार्मिक परम्परा अनुसार बलि दिने प्रथा लामो समयदेखि चल्दै आएको छ र अहिले पनि निरन्तर रुपमा चलिरहेको छ ।

नेपालको संविधानमा नै बलिप्रथा भन्ने शब्द प्रयोग नगरे पनि धर्म, संस्कृति अनुसार आफूले चलाउँदै आएको प्रथालाई चलाउन पाउने भनिएको छ । जसलाई धार्मिक अधिकारको रुपमा लिइएको छ ।

अहिले गढीमाई मेला चलिरहेको छ । गढीमाई मेलामा विश्वकै बढी संख्यामा बली दिइने ठाउँ हो भनेर हामीले सुन्दै पनि आएका छौं । यही सन्दर्भमा बलिप्रथालाई निरन्तरता दिने भन्दा पनि निरुत्साहित गर्नुपर्छ ।

### ऐन नभएकै कारण गढीमाईमा हुने पशु बलिले निरन्तरता पाएको हो ?

भगवानको लागि मान्छे होस् वा पशु सबै प्राणी एउटै हो । त्यसैले भगवानले पनि बलि दिंदा म खुसी हुन्छु भनेको कुनै धार्मिक ग्रन्थमै लेखेको त पाइँदैन । तर लामो समयदेखि चल्दै आएकाले गर्दा गढीमाई मेलामा मात्र हैन, विभिन्न मन्दिरमा राँगा, बोका बलि दिने गरेको पाइन्छ ।

लामो समयदेखि त्यहाँ पञ्च पशु बलि दिइने कुराले निरन्तरता पाइरहेको रहेछ । त्यहाँ राँगा, बोका, कुखुराहरूको बलि दिंदा हुने काटमारले त्यहाँ वरपरको बस्ती प्रदूषित हुने, महामारी फैलिने जोखिम, त्यहाँ धेरै संख्यामा पशु बलि हुँदा रगत खोलामा गएर मिसिने लगायत जोखिम बढ्ने भयो । यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परेको थियो ।

त्यो मुद्दा २०७३ साल साउन २० गते फैसला भयो । त्यो मुद्दामा गढीमाईलाई विशेष ध्यान दिएर फैसला गरेको थियो । किनकि त्यो रिट निवेदन नै गढीमाईको सन्दर्भमा आएको थियो । रिट निवेदकले निवेदन प्रस्तुत गर्दा नै गढीमाईमा धेरै पशु बलि हुने कुरा उल्लेख थियो ।

गढीमाईमा पशु बलि दिइसकेपछि हुने अव्यवस्थित फोहोर मैलाले हुने समस्या, त्यसले वरपरको बस्तीमा पर्ने असर, जसले स्वच्छ वातावरणमा बाच्न पाउने हकलाई कायम हुँदैन ।

### सर्वोच्च अदालतको परमादेशमा के भनिएको छ ?

गढीमाई मेलामा मङ्सिर २३ र २४ गते बलि दिइने भनेर तोकिएको छ । मन्दिर व्यवस्थापन समिति तथा नगरपालिकाले पनि त्यसलाई सूचनाको रुपमा अघि बढाएको पाइन्छ । सर्वोच्च अदालतले पशु बलिको विषयमा गरेको परमादेशमा पशु बलि दिने र दिलाउने कार्यमा प्रत्यक्ष रुपमा वा अप्रत्यक्ष रुपमा आफू सरिक भएर नगरपालिका, प्रहरी परिसर, मन्दिर व्यवस्थापन समिति लगायतले पशु बलि दिने र दिलाउने काममा प्रोत्साहन गर्नु हुँदैन भनिएको छ ।

बलिलाई सहयोग पुग्ने गरी कुनै पनि काम कारबाही गर्न हुँदैन पनि भनिएको छ । सरकारको तर्फबाट पशु बलि दिने कार्यमा संलग्न हुन र प्रोत्साहन पनि नगर्नु भनेको छ ।

काटमार र बलि दिने कुरालाई नगर्नु नगराउनु भनेको मतलब आफू पनि नगर्नु र अरूलाई पनि नउक्साउनु भनिएको हो । अरू भन्नाले बलिका लागि पशु ल्याउने सङ्घसंस्था, व्यक्ति, त्यसमा सहयोग गर्ने पशु क्वारेन्टिन आदि हुन् । कसैले गढीमाईमा बलि दियो भने चाहेको कुरा पूरा हुन्छ भनेर प्रचार गर्छ भने त्यो पनि गलत हो भनिएको छ ।

### पशु बलिलाई निरुत्साहित गर्न के गर्नुपर्छ ?

बलि दिने कार्यलाई निरुत्साहित गर्न स्थानीय तह, मन्दिर व्यवस्थापन समिति र अन्य सम्बन्धित निकायले पशु बलिको सट्टामा कुभिन्डो काटेर, नरिवल फोरेर बलि दिन सकिन्छ भनेर जनचेतनामूलक कार्यक्रम गर्नुपर्छ । पशु बलिको कारण समाजमा पर्ने नकारात्मक असरबारेमा पनि छलफल गर्नुपर्छ ।

### सरकारी निकायले निरुत्साहन गर्दैमा पशु बलि रोकिन्छ त ?

सर्वोच्च अदालतले भने बमोजिमको कुरा सरकारी निकायले पालना गर्दा गर्दै पनि बलि दिने काम त त्यहाँ हुन्छ । पहिलेदेखि पशु दिँदै आएको अब पनि दिन्छु भन्ने जमात हुन्छ । त्यस्तो जमातलाई रोक्नु भनेर सर्वोच्च अदालतले भनेको छैन, त्यसलाई व्यवस्थापन गर्नु भनेको छ ।

**पशु बलिलाई निरन्तर निरुत्साहित** गर्ने हो भने पशु बलिको सङ्ख्या क्रमशः घट्दै जान्छ । त्यसैले सर्वोच्च अदालतले पनि आजै बन्द गर्नु भन्दा पनि निरुत्साहित गर्नु, बलि दिने काममा सरकार संलग्न नहुनु भनेको छ । यति हुँदा हुँदै पनि पशु बलि हुन्छ भने त्यसलाई व्यवस्थापन गर्नु भनिएको छ ।

व्यवस्थापन भनेको त्यहाँ भएको मासु र रगतको उचित व्यवस्थापन गर्नुपर्छ भन्ने बुझिन्छ । साथै काटमार गरेको दृश्य बालबालिकाले नदेखुन् भन्ने कुरामा ध्यान दिनुपर्छ । किनकि हातमा तरबार लिएर राँगा, बोका काट्दै हिंडेको देखेपछि मैले पनि त्यस्तै गर्नु भन्ने सोच्न सक्छ । त्यसैले त्यसको उचित व्यवस्थापन गर्नु भनिएको हो ।

### सर्वोच्च अदालतको आदेशको अवहेलना के गर्दा हुन्छ ?

यदि बलि प्रथालाई निरुत्साहन गर्नु भनेको ठाउँमा त्यसलाई प्रोत्साहन गरिन्छ भने त्यो सर्वोच्च अदालतको परमादेशको अपहेलना हुन्छ । यदि स्थानीय सरकार, प्रहरी प्रशासन लगायतका व्यक्तिले बलि प्रथालाई प्रोत्साहन गर्ने कुनै कुरा बोल्छन्, बलिका लागि व्यवस्थापन मिलाइदिनु पहिले काटमार गर्न कम मान्छे थिए भने अहिले बढी मान्छे नियुक्त गरिएको छ भने त्यो प्रत्यक्ष अपहेलना हो ।

अप्रत्यक्ष रुपमा आफू संलग्न नहुने तर आफूले बनाएको समिति उपसमितिलाई पशु बलिको प्रचारप्रसार गर्न भन्छन् भने त्यो पनि अवहेलना हो ।

### सरकारी स्तरले सर्वोच्च अदालतको परमादेश नमान्दा के हुन्छ ?

सर्वोच्च अदालतले मुद्दाको विषयमा कुनै पनि फैसला गर्दा आदेश दिन्छ भने नेपालको संविधानको धारा १२८ को ४ ले यसको व्यवस्था गरेको छ । सर्वोच्च अदालतले गरेको फैसला कानुनसरह सबैले पालना गर्नुपर्छ ।

त्यसको अवज्ञा गर्नु हुँदैन, त्यस विपरीतमा कुनै काम गर्नु हुँदैन भनेर कानुनमा नै व्यवस्था गरेको छ । सर्वोच्च अदालतले गढीमाई मेलालाई लक्षित गरेर जुन फैसला गरेको छ, त्यसलाई सम्पूर्ण सम्बन्धित निकायले पालना गर्नुपर्छ, त्यो कानुनसरह नै लागू गर्नुपर्छ ।

अर्कोतर्फ, हाम्रो न्याय प्रशासन ऐन २०७३ को दफा १७ (४) ले पनि त्यो व्यवस्था गरेको छ । यदि सर्वोच्च अदालतको आदेश कार्यान्वयन गरिएन भने त्यो अवहेलना हुन्छ र अवहेलना गर्नेलाई सजाय हुन्छ ।

### के सजाय हुन्छ, कसलाई हुन्छ ?

यदि कसैले सर्वोच्च अदालतको आदेशको उल्लङ्घन गर्छन् भने न्याय प्रशासन ऐन २०७३ को दफा १७ (४) ले व्यवस्था गरे अनुसार उल्लङ्घन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

यदि पालिकाबाट पशु बलिलाई प्रोत्साहन गर्ने काम भयो भने पालिका प्रमुख, सिडिओ कार्यालयबाट भएको छ भने उनीहरुलाई पनि कारबाही हुन्छ । **(अनलाइनखबरबाट)**

## जरुरी फोन नम्बरहरू

प्रहरी
प्रहरी कन्ट्रोल १००
जिल्ला प्रहरी कार्यालय दाङ ५६०१९९
प्रहरी उपरिक्षक ५६२३६३, ९८५७८०५५५५, ९८५१२८०३९१, ९८०२५०३२५५
नगर (प्रहरी घोराही) ५६०९९९
इप्रका तुलसीपुर ५२००२०
इप्रका लमही ५४०१४०
इप्रका भालुवाङ ५८००८४
ट्रफिक कार्यालय ५६००४१
अंचल प्रहरी ५२०१९९
सशस्त्र प्रहरी बेस क्याम्प तुलसीपुर ५२१८९१

अस्पताल
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९
आयुर्वेद चिकित्सालय, विजौरी ५२०१०५
राप्ती प्रादेशीक अस्पताल, तुलसीपुर ५२००११
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
राप्ती आँखा अस्पताल रक्षाचौर ५२०१६५
ब्लड वैंक घोराही ५६१४६०
पशु सेवा कार्यालय ५६००२१
आँखा उपचार केन्द्र ५६०८०३
अपाङ्ग समाज सुधार केन्द्र फिजियो थेरापी केन्द्र तुलसीपुरः ९८४४९०२९३८
गोर्खा पब्लिक अस्पताल ०८२-५६३४१४

एम्बुलेन्स
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९, ९८४७८२६४२०, (ड्राइभर)
रेडक्रस, दाङ ५२००२२
लायन्स क्लव अफ तुलसीपुर ५२०८९९
*(ड्राइभर ९८४७८९१०२७ ड्राइभर ९८४४९६७५५३)*
देउखुरी उद्योग वाणिज्य संघ ५४०१०१
राप्ती सेवा संघ ५६२०७४
नेपाल भारत मैत्री संघ तुलसीपुर ५२१६१०
राप्ती प्रादेशिक अस्पताल ५२१०११
स्वास्थ्य चौकी सिसहनीया ६९२२२८
प्राथमिक स्वास्थ्य केन्द्र स्यूजा ९७४८५१७७०४
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
लायन्स क्लव तुलसीपुर ५२२३७६
प्रा.स्वा.के. श्रीगाउँ बागर ९७४८५२९९२३
नेपाल सामुदायिक विकास संस्था घोराही ५६१६१५
दाङ देउखुरी होटल व्यवसायी ५६२६२२
तुलसीपुर उद्योग वाणिज्य संघ ५२०८९३
उपस्वास्थ्य चौकी नारायणपुर ९८०६२८४९१९(ड्राइभर)
कमल बहुउद्देशिय सहकारी ५२२६०३
गढवा स्वास्थ्य चौकी ड्रा.९८४४९३०८३३, ९९३८२१११४
घोराही हस्पिटल प्रा.लि. ०८२-५६३२९७, ९८५७८३२३३३
सुवास स्मृति उपभोक्ता सहकारी धनौरी ९८१२८०००२६
नेपाल आमा समूह : चालक.९८५७८३४९९०, ९८५७८३४९९१
रोल्पाली समाज सेवा, घोराही, दाङ चा.९८४७९५९६३०, ९८५७८३४७६०
विष्णुदेवी फाउण्डेशन : ९८६६९३०३२८

वारुणयन्त्र
घोराही ५६०४९९ लमही ५४०००३
तुल्सीपुर ५२०३०५

पार्टी कार्यालय
नेकपा (एमाले) ५६०२३०
नेपाली काँग्रेस ५६०२२९
राष्ट्रिय जनमोर्चा ५६०३८४
ए.नेकपा (माओवादी) ५६१६९२
नेकपा माले ९८४७८२७३९३

केही सरकारी कार्यालय
जिल्ला प्रशासन, दाङ ५६०१३३
घोराही उपमहानगरपालिका ५६०४७०
जिल्ला समन्वय समिति दाङ ५६००३८, ५६०१४४
जिल्ला अदालत ५६०२४५
जिल्ला जनस्वास्थ्य कार्यालय ५६२०३९
जिल्ला हुलाक कार्यालय ५६००२४
शिक्षा विकास तथा समन्वय इकाई ५६०००९
नेपाल टेलीकम घोराही ५६००४४
नेपाल टेलीकम तुल्सीपुर ५२००४४
नेपाल विद्युत प्राधिकरण ५६००३७
जिल्ला कृषि विकास कार्यालय टल फ्री नम्बर ६६०८२५६३३३

संघ संस्था/विविध
नेपाल पत्रकार महासंघ ५६१४९७
दाङ उद्योग वाणिज्य संघ ५६००६३
नेपाल वार एशोसिएसन ५६१४५३
घोराही वुकिङ काउन्टर ५६०४१५

सुनौं दाङलाई

रेडियो मध्यपश्चिम
९१.४ मेगाहर्ज
विहान ५:०० देखि
राती ११:०० बजेसम्म
आवाज हिनको आवाज
पश्चिम नेपालको आवाज

रेडियो स्वर्गद्वारी
१०२.८ मेगाहर्ज
विहान ५:०० देखि
राती १०:०० बजेसम्म

रेडियो इन्द्रेणी
९२.४ मेगाहर्ज
विहान ५:०० देखि
राती १०:०० बजेसम्म
पल पलको साथी

रेडियो सञ्जीवनी
९१ मेगाहर्ज
विहान ५:३० देखि
राती १०:०० बजेसम्म

रेडियो झरना
८८.०० मेगाहर्ज
विहान ५:३० देखि
राती ११:०० बजेसम्म
हिमाल पहाड तराइको एउटै आवाज

रेडियो तुलसीपुर
१००.२ मेगाहर्ज
विहान ५:०० देखि
राती १०:०० बजेसम्म

रेडियो प्रकृति
९३.४ मेगाहर्ज
विहान ५:०० देखि
राती ११:०० बजेसम्म
नेपालकै पहिलो वातावरण मैत्री रेडियो

रेडियो हाम्रो पहुँच
८९.०० मेगाहर्ज
विहान ५:०० देखि
राती १०:०० बजेसम्म
गणतान्त्रिक नेपालको समावेशी आवाज

रेडियो हाईवे
१०३.५ मेगाहर्ज
विहान ५:०० देखि
राती ११:०० बजेसम्म
समावेशी विचारको समावेशी आवाज

रेडियो नयाँ युग
१०७.३ मेगाहर्ज
विहान ५:००-११:००
राती ३:००-११:००
सुशासन, न्याय र रुपान्तरण हाम्रो अभियान

रेडियो देउखुरी
१०५.८ मेगाहर्ज
विहान ५:००-११:००
राती ३:००-१०:०० बजेसम्म

रेडियो हापुरे
८९.४ मेगाहर्ज
विहान ५:०० देखि १२:१५
दिउँसो २:००- राती १०:०० बजेसम्म

रेडियो साझा आवाज
गढवा, देउखुरी

# प्रतिफल खोज्न मेहनत गर्नु पर्नेमा जोड

●राप्तीपोष्ट समाचारदाता



तुलसीपुर, १६ मंसिर थोरै मेहनतमा धेरै प्रतिफल खोज्दा उद्यममा सफल हुन नसकेको ग्रीन फाउण्डेशन नेपालका केन्द्रिय अध्यक्ष घनश्याम पाण्डेले बताउनु भएको छ।

दाङको तुलसीपुरमा भएको उद्यमको अवस्था, संभावना र चुनौती विषय अन्तक्रिया कार्यक्रमका प्रमुख वक्ताको रुपमा रहनु भएका पाण्डेले परिश्रम र मेहनत कम गर्ने तर प्रतिफल तथा आम्दानी बढी खोज्दा उद्यमीहरु पलायन हुँदै गएको बताउनु भएको हो। उद्यमी भएर व्यवसाय संचालन गरिरहँदा कहिले घाटा र नाफा भैरहने भएकाले घाटा भयो भन्दैमा हरेस नखान र निरन्तर लागिरहन उहाँले आग्रह गर्नुभयो। आफूसँगसँगै समाज र देशको समृद्धिका लागि अध्ययन, अनुसन्धान, कडा मेहनत नगर्दासम्म उद्यममा अगाडि बढ्न नसकिने भन्दै आफ्नो क्षमतामा निखारपन ल्याउनु आवश्यक रहेको उहाँको भनाइ छ। जवसम्म सीप, क्षमता, दक्षतामा निखार्ता ल्याउन सकिदैन तवसम्म उद्यम गरेर सफलता प्राप्त गर्न नसकिने औंल्याउनु भयो।

सो अवसरमा बोल्दै तुलसीपुर उपमहानगरपालिका वडा नंबर ६ का अध्यक्ष दुजमान भण्डारीले सबैले एउटै किसिमको उद्यम गर्दा बजारीकरणको समस्या रहेको भन्दै नयाँ उद्यमको विकास गरेर नयाँ सामग्री उत्पादन गर्न सके बजारीकरण र प्रतिस्पर्धामा जान पनि सहज हुने बताउनु भयो। उहाँले उद्यम तथा व्यवसाय गर्नेहरुलाई नयाँ उद्यम नयाँ सामग्रीको उत्पादन गर्न पनि सुझाव दिनुभयो। विभिन्न किसिमका उद्यम गरिरहेका उद्यमीहरुसँग भएको अन्तक्रियामा सहभागी उद्यमीहरुले स्थानिय उत्पादनलाई स्थानिय सरकारले नै प्राथमिकता दिनुपर्ने बताएका थिए।

भारत तथा तेस्रो मुलुकबाट आयात हुँदा स्थानिय रैथाने उत्पादनले बजार र मूल्य दुवै नपाउने गरेको गुणासो स्थानिय उद्यमीहरुले गरेका थिए। उद्यमीलाई सामग्री उत्पादन गर्ने देखि लिएर बजार व्यवस्थापन, उत्पादन गर्ने लागतमा सहुलियत दिने, उद्यमसँग सम्बन्धित संघसंस्थाको दर्ता प्रक्रिया, बिल काट्ने, राजश्वको दायरामा ल्याउन सुझाव दिने, अनुदान दिने तथा अनुदानका लागि पहन गर्ने, प्राविधिक रुपमा दक्ष जनशक्ति उत्पादनका लागि तालिम दिने लगायतका कुरामा स्थानिय सरकार तथा विभिन्न गैरसरकारी संघसंस्थाहरुले पनि सहयोग गर्न आवश्यक रहेको बताएका थिए।

डिजिएम नेपालका लुम्बिनी प्रदेश संयोजक कबिता तामाङ, ममता चौधरी, कृषि वन उद्यमी समूह, वन उद्यम सहकारीका प्रतिनिधिहरु सहितको दुनाटपरी उद्योगी, ढकिया उत्पादक, अचार उद्योगी, तरकारी तथा मल उत्पादक किसान लगायत ३० भन्दा बढीको सहभागिता रहेको थियो। एनआरएन संस्थाको डिजिएम परियोजना अन्तर्गत आयोजना गरिएको कार्यक्रमा डिजिएम परियोजनाका संयोजक डाक्टर चिरञ्जिवी खड्काले विषयवस्तुमाथि प्रकाश पार्नुभएको थियो। कार्यक्रमको सहजीकरण हरियाली मञ्च नेपालका अध्यक्ष सुरेश रावतले गर्नु भएको थियो।

## पुर्ख्यौली ....

राजुकमारले बताउनुभयो। 'पहिले जङ्गलबाट ल्याएको माटो मुच्छन समस्या हुन्थ्यो तर अहिले मेसिनबाट एकैछिनमा माटो तयार हुन्छ' राजकुमारले भन्नुभयो 'प्रविधिका बारेमा थाहा नहुँदा काममा ढिलाइसँगै दुःख हुन्थ्यो तर अहिले यी समस्या हटेका छन्। थोरै समयमा धेरै काम गर्न सकिने भएको छ।' प्रविधिले गर्दा काम छिटो हुनुका साथै धेरै सामग्री उत्पादन गरेर बिक्री गर्दा आम्दानी समेत बढेको उहाँ बताउनुहुन्छ।

राजकुमारको जस्तै सोही ठाउँका ५७ वर्षीय तारा थारु कुमालको पनि अनुभव उस्तै छ। लामो समय परम्परागत आफूले माटो मुछ्नेदेखि हाते चक्काको भरमा माटोका सामग्री बनाउनु भएका ताराले विगत एक वर्षदेखि मोटरका माध्यमबाट चक्का चलाएर माटोका भाँडा बनाउँदै आएको बताउनुभयो। 'पहिलेको तुलनामा अहिले माटो मुछ्नदेखि बनाएका भाँडा पकाउन समेत सजिलो भएको छ' उहाँले भन्नुभयो 'जसले गर्दा थकाइ नलाग्ने र छोटो समयमै धेरै काम गर्न सकिने भएको छ।'

माटोका भाँडा बनाउने पेशामा दुःख र मिहिनेत धेरै गर्नु पर्ने भएका कारण लामो समय गर्न नसक्ने अवस्था भएको भन्दै प्रविधिको सहजताले पछिसम्म पनि काम गर्न सकिन्छ कि भन्ने आँट पलाएको उहाँले बताउनुभयो।

'परम्परागत रूपमा पहिले काम गर्दा माटो मुछ्नेदेखि पकाउन समस्या थियो, कहिलेकाहीँ त मिहिनेत नै खेर जाने अवस्था हुन्थ्यो' ताराले भन्नुभयो 'अहिले त्यो जोखिम छैन, प्रविधिको सहजताले माटो मुछ्ने, भाँडा बनाउनेदेखि पकाउन समेत आधुनिक भट्टी बनेको छ।' आधुनिक भट्टीका कारण कम दाउरामै धेरै सामग्री पाक्ने गरेको उहाँले बताउनुभयो।

उहाँहरुले माटोबाट घैँटा, मट्टे, गमला, पाला, करुवा, हाँडी, खुत्रुकेलगायत थुप्रै आकर्षक सामग्री तयार पारेर बिक्री गर्दै आउनुभएको छ। पछिल्लो समय दशैं, तिहारलगायत पर्वमा बत्ती बाल्ने पाला, घरमा फूल रोप्नका लागि गमलासँगै विभिन्न सांस्कृतिक कार्यक्रमका लागि मट्टेलगायत सामग्री बिक्री हुने उहाँ बताउनुहुन्छ।

यसरी बनाइएका सामग्री पहिले बोकेरै बिक्री गर्न गाउँगाउँ जाने गरे पनि पछिल्लो समय घरबाटै बिक्री हुने गरेको राजुकमारले बताउनुभयो। 'पहिले बनाएका सामग्री बिक्रीका लागि आफै जानुपर्ने अवस्था थियो तर अहिले घरबाटै बिक्री हुने गरेको छ' उहाँले भन्नुभयो 'हामीले बनाइदिन्छौं, व्यापारी घरमै आएर किनेर लैजान्छन्।'

गाजुराम थारु कुमाल यो ठाउँमा सबैभन्दा पाको र पुरानो कुमाले हुनुहुन्छ। उहाँको परिवार यही पेशामा निर्भर छ। पहिले पहिलेका दुःख सम्झँदै गाजुरामले अब भाँडा बनाउन सजिलो भएको र नगद कारोबारले आम्दानी पनि राम्रो हुने गरेको बताउनुहुन्छ। उहाँले बनाएका भाँडा खरीद गर्न व्यापारीहरु प्यूठान, दाङ, तुलसीपुर, सल्यान, बुटवललगायत स्थानबाट आउँछन्।

कुमाल समुदायले माटाका भाँडा बनाउने परम्परागत कलालाई संरक्षण गर्दै प्रविधिमैत्री बनाउने र त्यसलाई आर्थिक उपार्जनसँग जोड्ने लक्ष्यअनुसार गढवा गाउँपालिकाले पनि प्रयास अघि बढाएको छ।

गाउँपालिकालाई सेरामिकको हब बनाउन सम्भाव्यता अध्ययनको काम गरिएको छ। सम्भाव्यता अध्ययन टोलीले गढवाको विभिन्न स्थानमा सम्भाव्यता अध्ययन गरेको छ।

गढवामा माटोको भाँडा बनाउने व्यवसायलाई व्यवस्थित र आधुनिकीकरण गर्न गाउँपालिकाले सुरु गरेको पहलमा परम्परागत सीपलाई आधुनिकीकरण गर्ने र भविष्यमा पालिकालाई नै सेरामिकको हब बनाउने योजना अनुसार काम भइरहेको गाउँपालिका अध्यक्ष यमनारायण शर्मा पोखेलले बताउनुभयो। गढवा गाउँपालिकाको वडा नम्बर १ को पत्रिङ्गा, वडा नम्बर ३ को खैरा, वडा नम्बर ६ को गढवामा माटोका भाँडा बनाउने काम हुँदै आएको छ।

## रोल्पामा ....

भए। एक जना भने सकुशल छन्' अध्यक्ष पुनले भन्नुभयो।

गाउँपालिका अध्यक्ष पुनले गाउँपालिकाले मृतकका परिवारलाई राहतका लागि तत्काल २५ हजार रुपियाँ दिने बताउनुभएको छ। ठेकेदार कम्पनीले मजदुरको बिमा गरे, नगरेको बुझ्ने र नगरेको खण्डमा निर्माण कम्पनीबाटै बिमा वापतको रकम भुक्तानीका लागि पहल गरिने समेत गाउँपालिका अध्यक्षले उल्लेख गर्नुभयो। उक्त पुल निर्माणका लागि एल.बी.एन्ड पल्लभी जक्सन जेभी निर्माण सेवाले स्थानीय पूर्वाधार कार्यालय बुटवलसँग ठेक्का सम्झौता गरेको थियो।

घटनास्थल रोल्पा सदरमुकाम लिवाङबाट करिब ४० किलोमिटर उत्तरपूर्व पर्दछ। उक्त झोलुङ्गे पुल निर्माणको काम करिब एक महिना अघिबाट मात्रै सुरु भएको थियो।

## लामिछानेको ....

अनुसन्धान गर्न प्रहरीले लामिछानेविरुद्ध पक्राउ अनुमति लिएको थियो।
त्यसअनुसार, लामिछानेलाई मंसिर १३ गते काठमाडौं लगिएको थियो। कास्की प्रहरीको हिरासतबाट काठमाडौं लगेर उनीमाथि बयान लिइएको हो।
कालिमाटीको स्वर्णलक्ष्मी सहकारीबाट लामिछाने र जिबी राईको नाममा दुई पटक गरेर ४६/४६ लाख रुपैयाँ ऋण गएको बताईएको छ। प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

## कर्मचारीलाई ....

कार्य सम्पादनमा असजता उत्पन्न भएकोमा ध्यानाकर्षण भएको उल्लेख गर्दै नगर प्रमुख खड्काले वार्तामा आई न्यायिक निरुपणमा अघि बढ्न आन्दोलनरत कर्मचारीलाई आग्रह गर्नुभएको छ।

जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढि हुनसक्छ।

➢ सावधानीपूर्वक सवारी साधन चलाऔं।
➢ हुस्सु, कुहिरो, शीतलहरको बेला वत्ति बालेर मात्र सवारी साधन चलाऔं।
➢ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं निशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं।

आफु पनि बचौं, अरूलाई पनि बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

गिट्टी बालुवा चाहिएमा ?

SAGARMATHA CRUSHER UDYOG





अत्याधुनिक H.S.I. क्रशर मेसिनबाट उत्पादीत गुणस्तरीय विभिन्न साईजका क्रसिङ्ग गिट्टीहरूका साथै हाईड्रोसाईक्लोन प्रविधिबाट धोएको जोडाई बालुवा र प्लास्टर बालुवाका साथै सम्पूर्ण साईजका नेचुरल गिट्टीहरू सुपथ मूल्यमा उपलब्ध गराइन्छ।

सगरमाथा क्रशर उद्योग
गढवा ३, देउखुरी
(सिसहनिया-महदेवा राप्ती नदीको नयाँ पुलदेखि दक्षिण-पश्चिमतर्फ)
अर्डरको लागि सम्पर्क
९८०१३३७३३७, ९८०१३३९५८४, ९८०१३३७९९८
Email: crushersci@gmail.com

गोमा फर्निचर उधोग एण्ड गोमा ग्रिल उधोग खुल्यो

हामी कहाँ फर्निचर समानहरू अडर अनुसार बनाइनुको साथै ग्रिल संम्बन्धित सम्पुर्ण काम गरिन्छ र टायर पनि मर्मत गरिन्छ। एक पटक सेवा गर्ने मौका दिनुहोस। नोट - होम डेलिभरिको ब्यबस्था पनि उपलब्ध छ।

प्रो. मुम ब. घर्ती मगर सञ्चालक सूर्य घर्ती मगर भुपाल घर्ती मगर
संम्पर्क मो,
९८४२७९०४२६,९७४६२३१३४०
लमही ३ मजगाउँ देउखुरी ,दाङ।

बोरिङ्को पानी चाहिएमा

हामीकहाँ २८० फिट गहिराइबाट निकालिएको पानी होम डेलीभरीका साथ उपलब्ध गराइन्छ।

खरेल वाटर सप्लायर्स

घोराही, ०८२-५६२०४५, कार्यालय ९८५७८३२६४५

आइपुग्यो ! आइपुग्यो !



गर्मीयाममा २४ घण्टासम्म चिसो र जाडो याममा तातो हुने चिल्ड जार बजारमा आइपुग्यो।

स्वर्गद्वारी ड्रिङ्किङ वाटर

प्रो. धर्मेन्द्र के.सी. सम्पर्क : ०८२-५६३०२१, मो. ९८४७८६२३७५

हामीलाई सम्झनुहोस् !

तपाई बलियो भौतिक संरचना निर्माणको तयारीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस। हामीकहाँ अत्याधुनिक मेसिनबाट धोएको सफा बालुवा, विभिन्न साइजका गिट्टीहरू उपलब्ध छ। हामी तपाईको निर्माणस्थलसम्म सेवा दिन तयार छौं।

समृद्धि माइनिङ एण्ड कन्सट्रक्सन प्रा.लि.
मुख्य कार्यालय घोराही, दाङ
सम्पर्क नं. : ०८२-५६३८९३, ९०१३४८६३०, ९०१३४८६३१, ९८०१३४८६३३

लैङ्गीक हिंसा सामाजिक अपराध हो।

गोल्डका नयाँ इट्टा बजारमा

'हाम्रो प्रतिवद्धता गुणस्तरिय इट्टा"

गोल्ड ब्रिक ब्राण्डका इट्टा प्रयोग गर्नुहोस र जीवनभरका लागि ढुक्क हुनुहोस।

विगत २३ वर्ष देखि यहाँहरूको मन जित्दै आएको उच्च गुणस्तरको गोल्ड ब्राण्डका नयाँ इट्टाहरू उत्पादन भइसकेकाले आजै सम्पर्क राखि मौकाको फाइदा उठाउन अनुरोध छ।

अग्रीम बुकिङ गर्नेलाई विशेष छुट दिइनेछ।

प्रो. रोम वली:- ९८५७८३०२३२
गोल्ड ब्रिक इन्ड्रष्टि
उद्योगः घोराही उपमहानगरपालिका- १२, सम्पर्कः ९८४७८६३४६२
डिपोः घोराही उपमहानगरपालिका-१५, स्वर्गद्वारी हल रोड, सम्पर्कः ९०८२-५६०६२९

नेवा सप्लायर्स (प्रो. सन्तोष श्रेष्ठ)
घोराही-१५ मिलनचोक दाङ सम्पर्क : ९८५७८४०७६२, ९८१०९३९१००, ९८०१३५४६३१

नयाँ बर्ष २०८१ का अवसरमा सम्पुर्ण ग्राहक महानुभावहरुमा शुभकामना दिदै हामी कहाँ LG, CG का TV, Refrigerator, Deep-freezer, washing machine, fan लगायत piago Brand र Black and Decker American Brand का किचनको सम्पुर्ण सामानहरु सुपथ मुल्यमा पाइन्छ र राप्ती मनकामना ग्याँस र ग्याँसका सम्पुर्ण Brand सामानहरु पनि पाइने जानकारी गराउँछौं।

गणेश ग्याँस सप्लायर्स
घोराही-१४ गणेश मन्दिरचोक दाङ सम्पर्क नं. ९८२२८५५००५